ॐ



**श्री महेश्वर प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**लुम्बिनी बचत तथा ऋण स.सं.लि., बुटवल**

# सहकारी सन्देश

## NEBRASKA CO-OPERATIVE DEVELOPMENT CENTER (NCDC)
## (नेब्रास्का सहकारी विकास केन्द्र) – एक परिचय ।

दोश्रो विश्वयुद्ध पछि स्थापना भएको देश ईजरायलले छोटो अवधिमा सहकारी मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक विकास गरेको एउटा नमूना देशको रुपमा चिनिन्छ । त्यहाँ भएका विभिन्न सहकारीहरुलाई सहयोग गर्न Nebraska Co-Operative Development Center, छोटकरीमा NCDC भन्ने नेब्रास्का सहकारी विकास केन्द्र को स्थापना भएको छ । यस NCDC को विशेष गरी सबै खाले सहकारीहरु लाई पाँचवटा समुहमा विभाजन गरी सेवा प्रदान गरिरहेको छ ।

1) **Retail Co-operative,** खुद्रा व्यवसाय गर्ने सहकारी – यो उपभोक्ता सहकारी हो । यसले उपभोक्ताहरुको हितलाई ध्यान पुऱ्याई कारोबार गर्दछ । उपभोक्ताहरुको आवश्यकता अनुसारको गुणस्तरको माल सामानहरु ल्याई सुपथ मूल्यमा वितरण गर्दछ र यस व्यवसायबाट प्राप्त भएको नाफा पनि आफुहरुमै वितरण गरिन्छ । उपभोक्ताहरुको आफ्नै सहकारी पसल भएको हुँदा सस्तो मूल्यमा गुणस्तरको सामान प्राप्त गरी व्यवसाय बाट हुने नाफा पनि प्राप्त हुने हुँदा यस्ता सहकारीहरु खास गरेर साना साना समुदायहरुमा, निर्माण सामाग्रीहरुमा, कृषि उपजहरुमा, मनोरञ्जन गृहहरु जस्तै सिनेमा, थिएटर आदिमा खुद्रा व्यवसाय गर्ने सहकारीहरु देखिन्छन् ।
2) **Workers Co-operative,** मजदुर सहकारी – यो सहकारी कामदारहरु तथा मालिकहरु समेतको सहकारी हो । यो सहकारी लोकप्रिय हुँदै गएको छ । पुराना भैरहेका व्यवसायहरु पनि यस प्रकारको सहकारीमा परिवर्तित हुँदै गएका छन् र नयाँ पनि खुल्दै छन् । यस्तो सहकारी खास गरेर बेकरीज, खुद्रा पसल, सफ्टवेयर विकास समुह, घाँस दाना उद्योगहरुमा देखिन्छ साथै ठूला कम्पनिहरुमा पनि Stock Ownership Plans (ESOPs) अन्तर्गत मजदुरहरुले शेयर खरिद गरि सोही अनुसारको प्रजातान्त्रिक सहभागी हुन सक्छन् ।
3) **Producer Co-operative,** उत्पादक सहकारी – यो सहकारी उत्पादन गर्नेहरुको हो, यिनिहरु बजारीकरण लाई विस्तार गर्न र उत्पादनमा दक्षता वृद्धि गर्न सहकार्य गर्छन् । उत्पादनमा गुणस्तर वृद्धिका साथै मूल्य घटाउन पनि यसले मद्दत पुऱ्याउँछ साथै उत्पादन तथा वितरणमा हुने चिन्तालाई न्यूनिकरण गराउँछ । यस्तो उत्पादन सहकारी धेरै जसो कृषि उत्पादन, काष्ठ तथा काष्ठ सामाग्री उत्पादन, हस्तकला उत्पादन गर्ने सहकारीहरु छन् ।
4) **Service Co-operative,** सेवा सहकारीहरु पनि उपभोक्ता सहकारीहरु जस्तै हुन् । समुदायको आवश्यकता अनुसार यि सेवा सहकारीहरु स्थापना गरिएका हुन् । यी सहकारीहरु बाट उपभोक्ताहरुलाई सरल तरिकाले सुलभ मूल्यमा स्तरीय सेवाहरु प्राप्त हुन्छन् । साथै यस व्यवसायले गरेको नाफामा पनि सहभागी हुन पाउँछन् । यस्ता सेवा सहकारी शिशु, बाल बच्चा स्याहार, औषधी उपचार, मृत्यु संस्कार आदि सेवाहरुमा धेरै सफलताका साथ सञ्चालन भई रहेका छन् ।
5) **Housing Co-operative,** आवास सहकारीहरुले आवासीय भवनहरु बनाई मनासिव मूल्यमा दिन्छन् । यि भवनहरु नाफाका लागि बिक्री गर्न पाईदैन । यि आवासिय भवनहरु संयुक्त स्वामित्वका पनि हुन्छन् । आवास सहकारीले ठूला ठूला फ्ल्याट सिस्टमका घरहरु, भाडामा दिने प्रयोजनका घरहरु, मार्केट प्रयोजनका भवनहरु, एकल पारिवारीक भवन तथा लिमिटेड इक्यूटी भवन (शेयर खरीद गरी बस्न पाईने घरहरु, आफुलाई नचाहिँदा शेयर बिक्री गरी आवास छोड्न सकिने) घर भवनहरु बनाई विभिन्न प्रयोजनलाई दिने गर्छन् ।

उपरोक्त पाँच प्रकारका सहकारीहरुले ईजरायलमा भएका सबै सहकारीहरु समेटिन्छन् । सहकारीमा आइपर्ने सबै समस्याहरुको निराकरण गर्ने त्यस्को संवर्धन र संरक्षणमा यस NCDC क्रियाशील रहेको छ ।

**जय सहकारी !**

# लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.
## बुटवल-४, राममन्दिर लाईनको आर्थिक झलकः

**संस्थाको आर्थिक कारोवार २०७८ कार्तिक २९ गते सम्म**

१) संस्थाले कारोबार सुरु गरेको बर्ष :- २०५४/०९/१०, दर्ता नं.१३१/१३९/०५४/०५५, मिति : २०५४/०५/१६
२) सदस्य संख्या :- महिला १३५०, पुरूष १३८०, संस्थागत सदस्य ५२, जम्मा सदस्य संख्या २७८२
३) कारोबार :- बचत संकलन तथा ऋण लगानी
४) शेयर पूँजी :- १८,७९,४९,३००।-
५) संस्थागत पूँजी :- १०,३८,२९,३८६।४०
६) बचत संकलन :- १,४०,९६,१५,३३५।२१
७) बचत फिर्ता:- ३५,६१,१०,१८०।८३
८) बचत मौज्दात :- १,०५,३५,०५,१५४।३८
९) कर्जा लगानी :- ८७,८०,३३,७११।६९
१०) कर्जा असुली :- १५,९९,११,९०७।६५
११) कर्जा मौज्दात :- ७१,८१,२१,८०४।०४
१२) कोष हिसाब :- ३,६८,३९,४००।३८
१३) लगानी :- ५०,९६,३३,५५०।११

**लुम्बिनी साकोस गान**

जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी
हितकारी यो आपद्‌विपद्‌मा सेवा गर्ने उपकारी ।

आर्थिक सामाजिक साँस्कृतिक तीन नदीको संगम यो
सहयोगी भै सहकार्यमा नै रम्ने पावन धाम हो यो
थोपा थोपा सञ्चित गरेर घैला भरेर अर्पन्छ
बचत गरौं अनि बचतलाई गरौं सदुपयोग यही भन्छ
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।


स्वेच्छिक खुल्ला सदस्यता र सदस्यद्वारा नियन्त्रित यो
तालिम शिक्षा सुविधा दिएर गर्ने निरन्तर सूचित यो
स्वायत्तता र स्वतन्त्रताको पहरेदार यो सहचारी
समुदायमा नै चासो राख्ने लुम्बिनी हाम्रो सहकारी
जय जय हाम्रो प्यारो लुम्बिनी बचत तथा ऋण सहकारी ।

**१४) ब्याजदर** :- (क) निक्षेपहरुमा दिने ४.५०% – ९.००% (ख) कर्जामा लिने १०.५०% - १२.००% सम्म
**१५) कार्यक्षेत्र** :- रुपन्देही जिल्लाभर ।
**१६) तालिम** :-
(क) संस्थाका पदाधिकारी ज्यूहरुलाई डिभिजन सहकारी कार्यालय तथा संघ संस्थाले आयोजना गरेको सहकारी तालिममा सहभागी गराएको ।
(ख) कर्मचारीहरुलाई विभिन्न सहकारी तालिमहरुमा सहभागी गराएको ।
(ग) बेलवास सेवा केन्द्रमा व्यवसायीक तालिम केन्द्र स्थापना गरी बुटिक तालिम सदस्यहरुलाई दिईएको र हाल सिलाई कटाई तालिम भईरहेको छ ।
१७) प्राथमिक उपचार केन्द्रको आफ्नै संस्थामा संचालन भईरहेको छ ।
ॐ ज्ञान ज्योति, द्वैमासिक पत्रिकामा ३९ औं अंङ्क देखि नियमित रुपमा यस संस्थाका गतिविधिहरु प्रकाशित गर्न सहकार्य गरेको ।

**१८) सामाजिक कार्यहरु** :-
(क) वृद्धाश्रम, कुष्ठरोग प्रभावित कल्याण संस्था, बाल आश्रम र मानव सेवा आश्रम लाई सहयोग ।
(ख) नव जागृति पुस्तकालयलाई सहकारी पुस्तकहरु प्रदान गरिएको ।
(ग) स्वस्थ्य शिविर संचालन गरिएको ।
(घ) वृद्धाश्रम हातामा वृक्षारोपण गरेको तथा उद्यान निर्माण ।
(ङ) रक्तदान गरेको तथा १५ जना असहायहरुका लागि आर्थिक सहयोग प्रदान गरेको (रक्तसञ्चार केन्द्र मार्फत) । यस संस्थाको २३ औं स्थापना दिवसको उपलक्ष्यमा २५ पिन्ट रक्तदान तथा ३८ जनाको निशुल्क मधुमेह तथा किटिनाईन परीक्षण गरेको ।
(च) सहकारी साहित्य गोष्ठी गरेको । श्री नव जागृति पुस्तकालय परिसरमा उद्यान निर्माण ।
(छ) कक्षा १२ मा **A+** ल्याई उत्तिर्ण हुने शेयर सदस्यका छात्र, छात्राहरुलाई दोसल्ला तथा प्रमाण-पत्र, पुरस्कार नगद सहीत सम्मान गर्ने शेयर सदस्यका एकाघर परिवारमा डाक्टर, इन्जीनियर, Mphil, CA आदि उपाधी प्राप्त गरेकालाई सम्मान गर्ने ।
(ज) युवा जनशक्ति र सहकारी –विषयक गोष्ठी । नेतृत्व विकास तालिम ।
(झ) महिला स्वास्थ्य सचेतना कार्यक्रम गरेको । सहकारी शिक्षा तालिम ।

**हाम्रो गतिविधि**
**Web Site:**
**www.Lumbinicop.com.np मा**
**हेर्न सक्नु हुन्छ ।**

**१९) संस्थाले प्रदान गर्ने सेवा तथा भौतिक संरचना** -
(क) संस्थाको आफ्नै भवन ।
(ख) प्राथमिक उपचार सेवा/दुर्घटना वीमा रु. तीन लाखको ।
दिवङ्गत सदस्यका आश्रितलाई राहत रकम प्रदान ।
(ग) लेखाहरु सबै कम्प्यूटरबाट ।
(घ) देश विदेशबाट पठाएको रकम तुरुन्त झिक्न र ट्रान्सफरको सुविधा ।
(ङ) लुम्बिनी स्मार्ट एप्सबाट TopUp Services, Utilities Payment, Esewa Wallet, FonePay, Bank Fund Transfer, Internal Fund Transfer, Flight, Insurance Premium आफ्नो शेयर, बचत र ऋण खाताको ब्यालेन्स हेर्न चौबिसै घण्टा सुविधा भएको ।
(च) लुम्बिनी ल्याब सेवा केन्द्रबाट रक्त परीक्षण दैनिक बिहान ७ देखि २ बजे सम्म । (शनिबार बन्द)
(छ) सेवा केन्द्र बेलवास वडा.नं.१३ मा ।



लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
LUMBINI SAVING & CREDIT CO-OPERATIVE CO. LTD.
राममन्दिर लाईन, बुटवल-६, रुपन्देही, नेपाल

"बचत गरौ बचतको सदुपयोग गरौ
"सहकारीता बाट सम्पन्नता हाम्रो प्रतिबद्धता"

# लुम्बिनी  साकोस बुटवललाई फोटोबाट नियाल्दा




बेलवास सेवा केन्द्रमा सहकारी शिक्षा तालिम ।



बेलवास सेवा केन्द्रमा सहकारी शिक्षा तालिम ।



बेलवास सेवा केन्द्रमा सहकारी शिक्षा तालिम
प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण ।



बेलवास सेवा केन्द्रमा सहकारी शिक्षा तालिम
प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण ।




विशिष्टिकृत सहकारी संघ लि.को
दोस्रो वार्षिक साधारण सभा कार्यक्रम ।



लुम्बिनी साकोसबाट वृद्धा वृद्धाहरुको स्वास्थ्य परिक्षण ।



विशिष्टिकृत सहकारी संघ लि.को
दोस्रो वार्षिक साधारण सभा कार्यक्रमको सामुहिक फोटो ।



लुम्बिनी साकोसको क्यूआरकोड वितरण ।

# लुम्बिनी साकोस बुटवललाई फोटोबाट नियाल्दा



लुम्बिनी साकोसको महिला उप-समितिको बैठक ।



लुम्बिनी साकोसको महिला उप-समितिको बैठक ।




लुम्बिनी साकोसमा २०७८ सालको लक्ष्मी पुजा तथा शुभकामना आदान प्रदान ।



लुम्बिनी साकोसमा २०७८ सालको लक्ष्मी पुजा तथा शुभकामना आदान प्रदान ।




सामुहिक शोक समवेदना कार्यक्रम ।



सदस्यलाई राहत प्रदान ।



विशिष्टिकृत सहकारी संघको कार्यक्रम ।



प्रोवेशन कार्यक्रमको छलफल ।